माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्युठान
५ नं. प्रदेश नेपाल
२०७४

**आज मिति २०७७ साल जेष्ठ ३० गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. कालढुङ्गा मुर्दाघाट निर्माण योजना ।

२. पुकरुक बाटो ग्राभल योजना ।

३. गाडि भाडा सम्बन्धमा ।

४. मालपोत कार्यालयलाई प्रशासनीक खर्च सम्बन्धमा ।

५. क्वारेन्टाइनमा खटिएका स्वयमसेवकलाई भत्ता सम्बन्धमा ।

६. विषेश अनुदानको रकम सम्बन्धमा ।

७. प्लास्टिक टनेल वितरण सम्बन्धमा ।

८. खाजा खाना भत्ता सम्बन्धमा ।

९. स्वास्थ्य कर्मि कर्मचारीलाई प्रोत्साहन भत्ता वितरण सम्बन्धमा

~~१० प्रोत्साहन भत्ता सम्बन्धमा ।~~

११. ल्याव असिस्टेन्ट नियुक्ति सम्बन्धमा ।

१२. खाजा/खाना भत्ता सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ का लागि काल ढुङ्गा मुर्दाघाट निर्माण योजना कार्यका लागि रु. १ लाख बाट सम्पन्न भई सकेकाले सोको रकम भैपरी पुंजीगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव २ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. २ मा अवस्थीत पुकरुक सडक वर्षातको पानीका कारण विग्रीएकाले तत्कालै मर्मत संभार गरि सडक सुचारु गर्नुपर्ने र सो कार्य सम्पन्न भएकाले भैपरी आउने पुँजिगत शिर्षकबाट लेख्ने गरी रु ३० हजार भुक्तानी दिने निर्णय गरियो ।

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान ५ नं. प्रदेश नेपाल २०७३

निर्णय नं. ३ प्रस्ताव ३ माथि छलफल गर्दा कोभिड १९ का कारण भारतबाट माण्डवी गाउँपालिकामा आउन चाहने नागरिकहरुलाई सिमाबाट ल्याउनका लागि तपशिल बमोजिमका सवारी साधनमा उल्लेखित दररेटमा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१. माण्डवी गाउँपालिकाबाट कृष्णनगर नाका सम्म अधिकतम २५,०००।-

२. माण्डवी गाउँपालिकाबाट सुनौली नाकासम्म अधिकतम ३५,०००।-

निर्णय नं. ४ प्रस्ताव ४ माथि छलफल गर्दा मालपोत कार्यालय जस्पुर प्यूठान बाट च.नं. १०९८ मिति २०७६/१२/०९ गतेको प्रशासनीक खर्च रकम मात्र गर्ने प्राप्त पत्रानुसार माग भएको रु. ५०,०००।- प्रशासनीक खर्च गाउँपालिकाको मसलन्द शिर्षकबाट दिने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव ५ माथि छलफल गर्दा कोभिड -१९ को रोकको संरक्षणलाई नियन्त्रण तथा व्यवस्थापन गर्न गाउँपालिकाबाट निर्माण गरिएका क्वारेन्टाईनमा आवश्यकता अनुसार स्वयमसेवक नियुक्ति गर्ने र ति नियुक्ति गरेका स्वयंसेवकलाई दैनिक रु. ५०० दिने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव ६ माथि छलफल गर्दा प्रदेश नं. ५ प्रदेश सरकारको विषेश अनुदान अन्तर्गत प्राप्त ५२ लाख मध्ये रु. ११ लाखले गाउँघर क्लिनिक निर्माणका लागि छुट्टाईएको रकमलाई विषेश अनुदान सिफारिस समिति मार्फत जिल्ला समन्वय समितिले समेत कोरोना रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सामाग्री खरिद गर्ने गरि संशोधन भएकाले सो रकमलाई कोरोना संक्रमण रोकथाम नियन्त्रण कोषमा जम्मा गरि स्वास्थ्य (आवश्यक) सामग्री खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव ७ माथि छलफल गर्दा आ.व. २०७६/०७७ का लागि माण्डवी गाउँपालिका वडा नं. ५ मा विपन्न वर्गका कृषकहरुलाई ७५% अनुदानमा प्लास्टीक टनेल वितरण कार्यक्रमलाई देशको विषम परिस्थीतिको मध्यनजर गर्दै १००% अनुदान मै प्लास्टीक टनेल वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव ८ माथि छलफल गर्दा कोभिड- १९ महामारी रोकका कारण सृजित विषम परिस्थीतिलाई व्यवस्थापन गर्ने व्यवस्थापनमा अग्रपंक्तिमा खटिने स्वास्थ्य कर्मि कर्मचारी र पदाधिकारीले जस्एर मै रहद निरन्तर सहयोग गर्दा दैनिक रु ४०० का दरले खाजा/ खाना भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. ९. प्रस्ताव ९ माथि छलफल गर्दा कोभिड -१९ रोगको संक्रमण रोकथाम तथा नियन्त्रणमा निरन्तर खटिने स्वास्थ्यकर्मि कर्मचारीहरुलाई माण्डवी गाउँपालिकाबाट ५०% ७५% र १००% प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो । प्रोत्साहन भत्ता वितरण सम्बन्धमा कामको प्रकृति जोखिमको अवस्था अग्रपंक्तिमा काँम गरेको विवरण नेपाल सरकारले वनाएको मापदण्ड समेतका आधारमा कुन

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
५ नं. प्रदेश नेपाल
२०७३

कुन व्यक्तिलाई कति भत्ता दिने भन्ने विषयमा माण्डवी गाउँपालिकाका जनस्वास्थ्य निरिक्षकले मापदण्ड तयार पारि भत्ता पाउने व्यक्तिको सूचि प्रमुख प्रशासकीय अधिकृतबाट स्विकृत गराई प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

निर्णय नं. १०. प्रस्ताव १० माथि छलफल गर्दा कोभिड -१९ रोगको माहामारीको सृजित अवस्थालाई व्यवस्थापन गर्न स्वाव संकलन गर्न ल्याव असिस्टेन्ट आवश्यक पर्ने देखिएकाले माण्डवी गाउँपालिका वडा नं. ५ का स्थानीय वासिन्दा माधव आचार्यलाई असार मसान्त सम्मका लागि मासिक रु. २०,०००।- का दरले सेवा सुविधा दिने तथा गाउँपालिकाले प्रोत्साहन भत्ता दिनेमा समेत सुचिकृत गरि जोखिम भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११. प्रस्ताव ११. माथि छलफल गर्दा कोभिड -१९ रोगका कारण बैदेशिक रोजगारिमा गएका व्यक्ति स्वदेशबाटै आएका व्यक्तिलाई अनिवार्य गाउँपालिकाको क्वारेन्टाइनमा राख्ने निर्णय अनुसार क्वारेन्टाइनमा वसेका व्यक्तिहरुलाई दैनिक रुपमा अधिकतम २७०।- मा खाजा र खाना भत्ता वापत उपलब्ध गराउने/उपलब्ध गराउने रकम नगद नभई खाजा/खानाको रुपमा होटल व्यवसाहि वा अन्य व्यक्ति मार्फत खाजा/ खाना उपलब्ध गराए वापतको हुने निर्णय गरियो ।

प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत